राना थारू भाषा लेखन : प्रारम्भिक निर्देशिका

EGRP Rana Tharu Scope and Sequence Workshop

भाद्र २०७२ (August 2015)

विषय सूची

परिचय..i

उद्‌देश्य iii

शुद्‌ध लेखन शैलीका मान्यताहरू...iv

अध्याय १ व्यञ्जन वर्णहरू 1

हलन्तको प्रयोग...

व्यञ्जन वर्णहरूको जोडाइ वा संयुक्त अक्षर ....

‘र’ को प्रयोग...

चन्द्रबिन्दु (ँ) र शिरोबिन्दु (ं) को प्रयोग..................................

अध्याय २ स्वर वर्णहरू 24

इ-कारको प्रयोग...

उ-कार (ु) को प्रयोग...

अध्याय ३ राना थारू वर्णमाला 29

अध्याय ४ आगन्तुक शब्दहरूको लेखन शैली 30

अध्याय ५ विभक्ति र निपातको प्रयोग.....................................31

नाम वा सर्वनाम शब्दसँग आउने विभक्तिहरू ....

क्रिया रूपावली...

निपात शब्दहरू ....

अध्याय ६ संयुक्त शब्दहरू...35

संयुक्त नाम शब्दहरू ....

सहायक क्रियाहरू...

अध्याय ७ विराम चिन्हहरूको प्रयोग.......................................38

अध्याय ८ राना थारू भाषाको पाठ्य-सामग्री 40

परिचय

यो '**राना थारू भाषा लेखन: प्रारम्भिक निर्देशिका**' पुस्तिका USAID को अनुदान तथा **नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र** र RTI International को संयुक्त पहलमा EGRP कार्यक्रमको लागि SIL-LEAD को प्राविधिक सहयोगबाट मिति २०७२ साल भाद्र १ गतेदेखि भाद्र ४ गतेसम्म नेपालको कैलाली र कञ्चनपुर जिल्लामा बोलिने राना थारू भाषाको प्रारम्भिक पाठ्य सामग्री निर्माणका लागि सञ्चालित "राना थारू भाषाको क्षेत्र क्रम कार्यशाला (Rana Tharu Scope and Sequence Workshop)" मा तयार गरिएको हो। यसको निर्माणमा निम्न व्यक्तिहरूको योगदान रहेको छ:

श्रीमती जीवन राना (९८४८४२१३४७), धनगढी-८, कैलाली

श्री कमल सिं राना (९८४१०४५३६०), धनगढी-८, कैलाली

श्री लक्ष्य वीर राना (९८१२७४६६५५), देखतभुली-८, कञ्चनपुर

श्री उग्रसेन राना (९८४८४२६०३५), अत्तरिया-११, झलारी, कैलाली

श्री कृष्णराज सर्वहारी (९८५१११६१८३), लमही-७, दाङ

भाषाविद्:

डा. योगेन्द्र प्रसाद यादव

डा. माधव पोखरेल

डा. ध्रुव कुमार घिमिरे

डा. दानराज रेग्मी

श्री उपेन्द्र सुवेदी

श्री कृष्ण दीप सिग्देल

राना थारू भाषाको लेखन शैलीको निर्धारणबाट यसको स्तरीकरण सहित विकास र उत्थानको लागि सम्पूर्ण राना थारू भाषा-भाषीहरूको अमूल्य सुझाव र सल्लाहको लागि यो पुस्तिका प्रस्ताव गरिएको छ। यसमा आवश्यक सुझाव र सल्लाहका लागि माथिका व्यक्तिहरूसँग सम्पर्क गर्न सक्नुहुनेछ।

उद्‌देश्य

यस पुस्तिकाका निम्नानुसारका उद्‌देश्य रहेका छन्:

१. राना थारू भाषीहरू बिच प्रस्तावित लेखन शैलीको प्रयोगबाट लेखाइमा एक रूपता ल्याउनु तथा सबै राना थारू भाषीहरूलाई पठन पाठनमा उत्साहित बनाउनु।

२. नेपाली भाषामा लेखपढ गरिरहेका तथा राना थारू भाषामा सजिलो गरी लेखपढ गर्न चाहनु हुने जिज्ञासु व्यक्तिहरूलाई यस लेखनशैलीको माध्यमबाट सहयोग पुऱ्याउनु।

३. यस लेखन शैलीलाई सक्दो सहज बनाई राना थारू भाषीहरूलाई औपचारिक तथा अनौपचारिक शिक्षामा पठन पाठन गर्न सक्ने बनाउनु।

शुद्ध लेखन शैलीका मान्यताहरू

प्रस्तुत निर्देशिका निर्माणमा लेखन शैलीका निम्नानुसारका मान्यताहरू अवलम्बन गरिएका छन्:

१. वर्णको सही प्रतिनिधित्व
२. लेखन शैलीमा एक रूपता
३. सिकाइमा सरलता
४. लेखनमा सुविधा र सहजता
५. समुदायबाट सहमति र स्वीकार

अध्याय १

व्यञ्जन वर्णहरू

राना थारू भाषामा प्रयुक्त शब्दहरूको निम्नानुसारको लघुत्तम युग्मको परीक्षणले देखाए बमोजिम यसमा ३० ओटा व्यञ्जन वर्णहरू पाइन्छन्। ती सबै व्यञ्जन वर्णहरूलाई देवनागरी लिपिको प्रयोग गरी निम्न अनुसार लेख्ने प्रस्ताव गरिन्छः

लघुत्तम युग्म:

क्/ख्	काट् (काट)	खाट् (खाट)
क्/ग्	काल (मृत्यु)	गाल (गाला)
ख्/घ्	खर (सुकेको घाँस)	घर (घर)
ङ्/न्	सुङ (सुँघ)	सुन (सुन)
च्/छ्	चाप (भिड)	छाप (छाप)
ज्/झ्	जार (जाल)	झार (झार)
छ्/झ्	छुट (छुट)	झुट (झुट)
ट्/ठ्	टोकन (कुरा काट्नु)	ठोकन (ठोक्नु)
ट्/ड्	टाँठ (फल)	डाँठ (डाँठ)
ठ्/ढ्	ठेकि (थुप्रो)	ढेकि (ढिकी)
न्/ण्	बाँन (खाटको डोरी)	बाण (बाण)
त्/थ्	तुक (दाउ लगाउनु)	थुक (थुक)

त्/द्/ध्	तान (तान्नु)/दान (दान)/धान (धान)	
प्/फ्	पिर् (दुख्नु)	फिर (फेरी)
प्/ब्	पानि (पानी)	बानि (बानी)
ब्/भ्	बात (कुरा)	भात (भात)
म्/न्	दाम (पैसा)	दान (दान)
य्/व्	यार (साथी)	वार (प्रहार)
र्/ल्	रुक (रोक)	लुक (लुक्नु)
स्/ह्	साथ (साथ)	हाथ (हात)

शब्दका सुरुमा, बिचमा र अन्त्यमा आउने यी व्यञ्जन वर्णहरूका उदाहरणहरू निम्न अनुसार छन्:

क	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	करत	गर्नु
	कसरि	अल्छी
	कर्रो	कठिन
बिचमा	मकरा	माकुरो
	बकरा	बोका
	नकटा	गोही
अन्त्यमा	नाक	नाक
	कसक	बचेको

	खसक	सर

ख	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	खम्बा	खम्बा
	खरहा	खरायो
	खटिया	खाट
बिचमा	चखना	तरकारी
	पखना	प्वाँख
	डखमा	पाखुरा
अन्त्य मा	सङ्ख	शङ्ख
	देख	हेर
	चाख	स्वाद लेऊ (चाख)

ग	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	गउँटेहर	मुख्य धामी
	गइयाँ	गाई
	गावँ	गाउँ
बिचमा	मागत	माग्नु

	लगात	लगाउनु
	चुगात	चराउनु
अन्त्यमा	लोग	लोग्ने मानिस
	फाग	होलीको गीत
	नाग	नाग

घ	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	घर	घर
	घामु	घाम
	घडा	श्राद्ध
बिचमा	बघटा	बाघ
	अघोरि	दरिद्र
	अघटो	अप्ठ्यारो
अन्त्यमा	जाँघ	तिघ्रा
	नाघ	नाघ (आदेश दिएको)

ङ	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	--	--

	--	--
बिचमा	पकडङ्गो	समात्नेछु
	करङ्गो	गर्नेछु
	सोमङ्गो	सुत्नेछु
अन्त्यमा	सङ	सँग
	टाङ	खुट्टा
	ढङ	बुद्धि

च	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	चलनी	छान्ने जाली (चाल्नो)
	चकिया	जाँतो
	चलाख	लोभी
बिचमा	बचत	बच्नु
	बचात	जोगाउनु
	नाचत	नाच्नु
अन्त्यमा	नाच	नृत्य
	काँच	सिसा
	लालच	लोभ

छ	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	छतुरि	छाता
	छता	घार
	छानि	छाना
बिचमा	पछार	पश्चिम
	कछनि	नाचको पोसाक (पुरुष)
	मछरि	माछा
अन्त्यमा	ताँछ	ताछ
	कुछ	केही
	मोछ	जुँगा

ज	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	जरुर	अवश्य
	जल्दि	चाँडो
	जउन	जो/जुन
बिचमा	नजर	दृष्टि
	मजाक	ठट्टा

	गजब	धेरै
	चिज	सामान
अन्त्यमा	रोज	दिनदिनै
	रिवाज	चलन

झ	राना थारू शब्द	नेपाली अर्थ
	झुँड	समूह
सुरुमा	झुड्कि	तिजमा गरिने पूजा
	झाँघ	झाल
	मझ्पतिया	लमी
बिचमा	मझियारि	बरन्डा
	सम्झात	बुझाउनु
अन्त्यमा	बोझ	भारी
	जोझ	चराको गुँड

ट	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	टाङ	खुट्टा
	टोठन	चराको चुच्चो

	टिँढा	फट्याङ्ग्रो
बिचमा	मटरा	केराउ
	खटिया	खाट
	फाटक	ढोका
अन्त्यमा	घेँट	घाँटी
	कस्ट	कष्ट
	इट	इँटा

ठ	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	ठालु	अल्छी
	ठठेरो	काँसको काम गर्ने
	ठेठुर	सिँगानको टाटो
बिचमा	बैठका	माझी
	बैठएँ	बसौं
	गठत	बन्नु, मिल्नु
अन्त्यमा	बैठ	बस
	सोँठ	अदुवा
	अइँठ	ऐँठन

ड	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	डर	डर
	डलवा	ढकी
	डुँरो	डुँड
बिचमा	खडबा	खाल्टो
	घोडा	घोडा
	लउँडिया	केटी
अन्त्यमा	पहाड	पहाड
	झुँड	समूह
	मुड	शिर

ढ	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	ढोल	ढोलक
	ढुकुलि	भातको डल्लो (चोइलो)
	ढेँकि	ढिकी
बिचमा	उढना	ओढ्ने
	बढनि	कुचो

अन्त्यमा	बाढ	बाढी
	डेढ	साँढे एक
	पढ	पढ

ण	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	--	--
	--	--
बिचमा	अणा	अण्डा
	सणबा	साँढे
अन्त्यमा	साण	मात्तिएको
	बाण	वाण
	पाण	पण्डाल

त	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	तखरि	तराजु
	तरबा	पैतालो
	तरुवा	तालु
बिचमा	पतरि	टपरी, पतली

	दासतान	कथा
	फतुइ	माहिलाले लगाउने पैसाको लुगा
अन्त्यमा	भित	भित्तो
	हारत	हार्नु
	सरमात	लाज मान्नु

थ	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	थरिया	थाल
	थामन	रोक्नु, थाम्नु
	थकरा	थाक्रो
बिचमा	पथरा	असिना, ढुङ्गो
	पथालि	दलिन
	सुथरि	सुन्दरी
अन्त्यमा	नाथ	नत्थी
	तिरथ	तीर्थ
	हाथ	हात

द	**राना थारू**	**नेपाली अर्थ**

	शब्द	
सुरुमा	दार	दाल
	दरि	दरी
	दरपन	ऐना
बिचमा	मदरा	मादल
	बँदरा	बाँदर
	बदका	भाले हाँस
अन्त्यमा	गेँद	भकुन्डो
	माद	मल
	नाद	गाईवस्तुलाई पानी खुवाउने भाँडो

ध	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	धनकमान	इन्द्रेनी
	धरति	पृथ्वी
	धउरा	ढुकुर
बिचमा	कड्ँधनि	कन्दनी
	पड्ँधन	गहना, पहिरन
	अँधरा	दृष्टि विहीन

अन्त्यमा	साँध	सिमाना
	बाँध	बाँध
	निध	निन्द्रा

न	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	नाह	नङ
	नदिया	नदी
	नुनाइन	नुनिलो
बिचमा	मनइ	मानिस
	जनाबर	जनावर
	जनउनि	गाउँ खाने कथा
अन्त्यमा	मिलन	ढोग भेट
	मागन	माग्नु
	नयन	आँखा

प	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	पटुलि	पिर्का
	पटेला	पटाहा

	पइरउटि	टौवा
बिचमा	पपटा	रूखको बोक्रा
	पपरा	पापड
	खपटा	छानो छाउने टायल
अन्त्यमा	चेप	चोप
	साँप	सर्प
	धुप	घाम

फ	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	फुटिया	सानो चरो, फिस्टो
	फरा	फलफुल, चामलको पिठाको परिकार
	फुला	फुल्ने फुल
बिचमा	जइफर	जाईफल
	फफरा	धानको पोगटो
	उफनन	उम्लेर जानु
अन्त्यमा	साफ	सफा
	माफ	माफी

	सिरिफ	मात्र

ब	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	बरधा	गोरु
	बहिनिया	बहिनी
	बसुलि	बाँसुरी
बिचमा	दबाइ	औषधी
	फबसा	फोक्सो
	जबर	बलियो
अन्त्यमा	दुब	दुबो
	किताब	पुस्तक
	बेढब	धेरै

भ	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	भगउना	डेक्ची
	भररा	धामी
	भउका	अन्न बोक्ने ढकी
बिचमा	भभरा	माटोको सामान राख्ने

		भाँडा
	अभए	अहिले
	भभुति	विभुत
अन्त्यमा	जिभ	जिब्रो
	निभ	कलमको टुप्पो, निभ

म	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	मछरि	माछा
	मुरगा	कुखुरा
	मनङ	मानिस
बिचमा	जमुना	जामुन
	तमान	धेरै
	सिमरा	सिमलको बोट
अन्त्यमा	हम	हामी
	तुम	तिमी/ तपाई
	सरम	लाज

य	**राना थारू शब्द**	**नेपाली अर्थ**

सुरुमा	यमुना	नदीको नाम
	यार	साथी
	याद	याद
बिचमा	मयको	माइती
	बइयर	महिला
	उजियारि	शुक्ल पक्ष
अन्त्यमा	माय	सासु
	नाय	हुँदैन
	सजान	सजाऊ

र	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	रसा	रस
	रामराम	नमस्ते
	रुवा	कपास
बिचमा	मुरगा	कुखुरा
	फरोहा	कोदालो
	कुरता	कमिज
अन्त्यमा	लार	लहरा

	तिउहार	चाडपर्व
	माछर	लामखुट्टे

ल	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	लढिया	गाडा
	लखबनिया	खेतको रखवाली गर्ने महिला
	लखबरिया	खेतको रखवाली गर्ने पुरुष
बिचमा	गुलगुला	रसबरी जस्तै मिठाई
	बल्हिया	एक प्रकारको माछा
	दिलबर	मित
अन्त्यमा	ढोल	ढोलक
	फसल	बाली
	नल	धारा

व	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	वकिल	वकिल
	वारपार	वारिपारि

बिचमा	सतुवा	सातु
	गड्डुवा	करुवा
	फुवा	फुपु
अन्त्यमा	तव	तावा
	गाव	गाउँ
	भाव	मोल

स	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	सलिफा	सरिफा
	सास	सासू
	सहत	मह
बिचमा	पुरनमासि	पूर्णिमा
	कसरि	अल्छी
	दुसरो	दोस्रो/दोस्रो पटक खाना थप्ने
अन्त्यमा	घाँस	झार
	काँस	'ढकिया' बुन्ने सामग्री (काँस)
	खास	विशेष

ह	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	हरना	हरिण
	हर	हलो
	होरि	होली
बिचमा	बहिनिया	बहिनी
	गहर	केराको घरी
अन्त्यमा	नह	नङ
	मुह	अनुहार
	माह	माघ महिना

हलन्तको प्रयोग

राना थारू भाषामा आधा गर्न सकिने व्यञ्जनलाई आधा रूपमा र आधा गर्न नसकिने व्यञ्जनलाई खुट्टा काटेर लेख्ने प्रस्ताव गरिन्छ। जस्तै: **पुज्ना** (पूजा), **भल्मन्सा** (मुखिया), **झुङ्कि** (तिजको पूजा), **सङ्गि** (साथी)। (अत्यावश्यक स्थानमा बाहेक)

राना थारू भाषामा शब्दको अन्त्यमा हलन्त नलेख्ने प्रस्ताव गरिन्छ। जस्तै: **रहत** (बस्नु), **तिउहार** (तिहार), **अपन** (आफ्नो)।

व्यञ्जन वर्णहरूको जोडाइ वा संयुक्त अक्षर

राना थारू भाषामा दुई वा सो भन्दा बढी व्यञ्जनहरू सँगसँगै उच्चारण भएमा निम्न अनुसार लेख्ने प्रस्ताव गरिन्छ। जस्तै: **भल्मन्सा** (मुखिया), **ठट्ठा** (ठट्टा)।

संयुक्त अक्षर हुने व्यञ्जनहरूलाई एकैसाथ (तल-माथि) नलेखी अघि-पछि लेख्न प्रस्ताव गरिन्छ।जस्तै:

राना थारू शब्द	**नेपाली अर्थ**
जङ्गल (जङ्गल नलेख्ने)	झाडी, घाँस
ठट्ठा (ठट्ठा नलेख्ने)	ठट्टा
पत्ता (पत्ता नलेख्ने)	पात
ग्यान (ज्ञान नलेख्ने)	ज्ञान
भक्ता (भक्ता नलेख्ने)	भगत
मट्टि (मट्टि नलेख्ने)	माटो
ढड्डि (ढड्डि नलेख्ने)	खर
कित्तो (कित्तो नलेख्ने)	कति

‘र’ को प्रयोग

राना थारू भाषाको लेखाइमा ‘र्’ पछाडि ‘अ’ को वास्ता नगर्ने प्रस्ताव गरिन्छ। उदाहरण:

प्रस्तावित (शुद्ध)	**अमान्य (अशुद्ध)**	**नेपाली अर्थ**
भररा	भर्रा	धामी
कुरमा	कुर्मा	खलक
सुरमा	सुर्मा	गाजल
तिउहार	तिउहार्	चाड
दिउरनिया	दिउर्निया	देवरानी
करम	कर्म	भाग्य

राना थारू भाषामा 'र्' भन्दा अघिको व्यञ्जन आधा उच्चारण भएमा निम्न अनुसार लेख्न प्रस्ताव गरिन्छ। उदाहरण:

प्रस्तावित (शुद्ध)	**अमान्य (अशुद्ध)**	**नेपाली अर्थ**
तिरसुल	त्रिसुल, तिर्‌सुल, तिर्सुल	त्रिशूल
परेम	प्रेम, प्‌रेम	प्रेम
भरम	भ्रम	भ्रम

चन्द्रबिन्दु (ँ) र शिरोबिन्दु (ं) को प्रयोग

राना थारू भाषामा नाके स्वर उच्चारण हुने शब्दमा चन्द्रबिन्दु (ँ) को प्रयोग गर्ने प्रस्ताव गरिन्छ। जस्तै: **गावँ** (गाउँ), **हएँ** (छन्), **लउँडिया** (केटी), **हँदाय** (नुहाउनु)।

'ङ', 'ण', 'न' र 'म' को सट्टामा शिरोबिन्दुको प्रयोग नगरी सोही व्यञ्जनलाई आधा गरी लेख्न प्रस्ताव गरिन्छ। उदाहरण:

प्रस्तावित (शुद्‌ध)	**अमान्य (अशुद्‌ध)**	**नेपाली अर्थ**
अङ्क	अंक	अङ्क
पन्च	पंच	पञ्च
चन्डाल	चंडाल	चण्डाल
चन्ट	चंट	बाठो
हन्सा	हंसा	प्राण
चम्चा	चंचा	डाडु

अध्याय २

स्वर वर्णहरू

राना थारू भाषा लेख्दा यी ६ ओटा स्वर वर्णहरू प्रयोग गर्न प्रस्ताव गरिन्छः

स्वर वर्णहरूः

अननुनासिक	अ	आ	इ	उ	ए	ओ
		◌ा	ि◌	◌ु	◌े	◌ो
अनुनासिक	अँ	आँ	इँ	उँ	एँ	ओँ

राना थारू भाषाका स्वरवर्ण प्रयोग भएका केही शब्दहरूः

अ	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	अड्या	आमा
	अठन्नि	एक प्रकारको फल
	अठुवा	किर्नो
बिचमा	--	--
	--	--
अन्त्यमा	--	--
	--	--

आ	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	आगन	आँगन
	आरो	माटाको खोपो
	आँखि	आँखा
बिचमा	--	--
	--	--
अन्त्यमा	सुआ	सुगा
	चुआ	लुकेर कुरा सुन्ने काम

इ	राना थारू शब्द	नेपाली अर्थ
सुरुमा	इत बार	आइत बार
	इकल्लो	एक्लै
	इट	इँटा
बिचमा	बइयर	महिला
	अइया	आमा
	भइया	भाइ
अन्त्यमा	माइ	माइजू
	आइ	आमा

	खाड़	खाल्डो

उ	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	उख	उखु
	उँट	उँट
	उन	उन
बिचमा	कउवा	काग
	दउवा	बुबा
	नउवा	हजाम/माझी
अन्त्यमा	बाउ	ठुलो बुवा
	नाउ	डुङ्गा
	घिउ	घिउ

ए	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	एक	१
	एघार	११
	एडि	कुर्कुच्चो
बिचमा	--	--
	--	--
अन्त्यमा	हएँ	छन्

	हए	छ

ओ	**राना थारू शब्द**	**नेपाली अर्थ**
सुरुमा	ओखर	ओखल
	ओस	शीत
	औँठ	ओठ
बिचमा	--	--
	--	--
अन्त्यमा	जाबओ	जानुहोस्
	खाबओ	खानुहोस्
	लाबओ	ल्याउनुहोस्

इ-कारको प्रयोग

राना थारू भाषामा उच्चारणमा आउने ‘इ-कार’ ध्वनिलाई जनाउँन ‘इ’ (ि) को प्रयोग गर्न प्रस्ताव गरिन्छ। जस्तै: **अपनि** (आफ्नो), **कबरि** (छिरबिरे), **करनबारि** (गर्ने वाली), **तितुलि** (पुतली), **इमलि** (इमली)।

उ-कार (ु) को प्रयोग

राना थारू भाषामा उकार ध्वनिलाई ‘उ (ु)’ को प्रयोग गर्न प्रस्ताव गरिन्छ। जस्तै: **तिउहार** (पर्व), **उमर** (उमेर), **उँट** (उँट), **पुज्ना** (पूजा)।

अध्याय ३

राना थारू वर्णमाला

राना थारू भाषाको उच्चारण अनुसार स्वर वर्णहरू र व्यञ्जन वर्णहरूलाई निम्न तरिकाले राना थारू वर्णमालामा व्यवस्थित गर्न प्रस्ताव गरिन्छ। यी वर्णहरूलाई शब्दकोशको वर्णानुक्रम अनुसार निम्न तरिकाले राखिएका छन्। राना थारू भाषामा निम्न अनुसारका ६ ओटा स्वरवर्णहरू छन्:

अ	**आ**	**इ**	**उ**	**ए**	**ओ**

राना थारू भाषामा निम्न अनुसारका ३० ओटा व्यञ्जनवर्णहरू छन्:

क	**ख**	**ग**	**घ**	**ङ**
च	**छ**	**ज**	**झ**	
ट	**ठ**	**ड**	**ढ**	**ण**
त	**थ**	**द**	**ध**	**न**
प	**फ**	**ब**	**भ**	**म**
य	**र**	**ल**	**व**	
स	**ह**			

अध्याय ४

आगन्तुक शब्दहरूको लेखन शैली

राना थारू भाषाका आगन्तुक शब्दहरूलाई राना थारूकै वर्ण अनुसार लेख्ने तर राना थारूको वर्णमाला अनुसार परिवर्तन गर्न नसकिने संस्कृतबाट आएका केही शब्दहरू जस्ताको तस्तै लेख्न सकिने प्रस्ताव गरिन्छ।

राना थारू भाषाको हिज्जे	**अन्य भाषाको हिज्जे**
इस्कुल	स्कूल
अस्पताल	हस्पिटल
टेबुल	टेबल
गिल्सा	ग्लास
इक्सरा	एक्स रे
कम्पुटर	कम्प्युटर

संस्कृत (तत्सम) शब्दहरू

श्री	श्री
कृष्ण	कृष्ण
गणेश	गणेश
जिबन	जीवन

अध्याय ५

विभक्ति र निपातको प्रयोग

यस अध्यायमा राना थारू भाषामा मूल शब्दसँग आउने विभक्ति र निपातहरू कसरी लेख्ने भन्ने बारेमा प्रस्ताव गरिएको छ।

नाम वा सर्वनाम शब्दसँग आउने विभक्तिहरू

राना थारू भाषामा विभक्तिहरूलाई स्वभाविकताको आधारमा प्रत्यय भए जोडेर र विभक्ति भए छुट्याएर लेख्न प्रस्ताव गरिन्छ। उदाहरण:

राना थारू शब्द				**नेपाली अर्थ**
लउडिया	+	के -क	लउडिया के लउडियक	केटीको
लउडिया	+	से	लउडिया से	केटीले
लउडिया	+	के	लउडिया के	केटीलाई
लउडिया	+	मे -क	लउडिया मे लउडियक	केटीमा
गावँ	+	से	गावँ से	गाउँबाट

गावँ	+	से	गावँ से	गाउँदेखि
गावँ	+	उपर	गावँ उपर	गाउँ माथि
गावँ	+	घेन घिन घड्न	गावँ घेन गावँ घिन गावँ घड्न	गाउँतिर
घर	+	-ए	घरे	घरमा

क्रिया रूपावली

राना थारू भाषाका क्रियाको रूपावलीमा शब्दहरूमा विभिन्न प्रकारका प्रत्ययहरू जोडिन वा स्वाभाविकताका आधारमा अलग आउन पनि सक्छन्। उदाहरण:

राना थारू	**नेपाली भाषा**	**राना**	**नेपाली**	**राना थारू**	**नेपाली भाषा**
करन	गर्नु	जान	जानु	देन	दिनु
करत हए	गर्छ	जात हए	जान्छ	देत हए	दिन्छ
करतए हए	गर्दै छ	जातए हए	जाँदै छ	देतए हए	दिदै छ
करि	गर्‍यो	गव	गयो	दइ	दियो
ना करि	गरेन	ना गव	गएन	ना दइ	दिदैन

जिन करए मत करए	नगर	जिन जा मत जा	नजाऊ	जिन दे/मत दे	नदेऊ
कर के	गरेर	जाए के	गएर	दइ के	दिएर
करि हए	गरेको छ	गव हए	गएको छ	दइ हए	दिएको छ
करि रहए	गरेको थियो	गव रहए	गएको थियो	दइ रहए	दिएको थियो
करइगो	गर्ला	जाबइगो	जाला	देबइगो	देला
करत रहएँ	गर्थ्यौं	जात रहएँ	जान्थ्यौं	देत रहएँ	दिन्थ्यौं

निपात शब्दहरू

राना थारू भाषामा प्रयोग हुने निपातहरूमध्ये प्रत्ययवत् निपातलाई अघिल्लो शब्दसँग र अन्यलाई अलग्गै लेख्ने प्रस्ताव गरिन्छ। उदाहरण:

राना थारू शब्द	**राना थारू उदाहरण**	**नेपाली उदाहरण**
तव	कहाँ गव तव?	कहाँ गयो **त**?
तव	अइसो करेएँ तव अच्छो हुइहए।	यसो गरे **पो** राम्रो हुन्छ।
हला	जा काम कर हला?	यो काम गर **है**?

रे	बो कल आव रहए रे।	ऊ हिजो आयो **रे**।
ना	मोके किताब दे ना।	मलाई किताब देऊ **न**।
त	बो त गव हए।	ऊ **चाहिँ** गएछ।
कि	बो भात खाइ कि?	उसले भात खायो कि?
-ए	बो घरए हए।	ऊ घरमा **नै** छ।
-ए	बो घरए मे हए।	ऊ घरमै छ।
-ए	बो घरेइए मे हए।	ऊ घरैमा छ।

अध्याय ६
संयुक्त शब्दहरू

राना थारू भाषामा कहिले काहीँ नाम शब्दहरू एक अर्कासँग जोडिएर संयुक्त नाम शब्द बन्दछन्। यसरी नै कहिलेकाहीँ नाम शब्दसँग क्रिया शब्द मिलेर क्रिया पदावली बन्छ भने मुख्य क्रिया र सहायक क्रिया मिलेर संयुक्त क्रिया बन्छ।

संयुक्त नाम शब्दहरू

राना थारू भाषामा संयुक्त नाम शब्दहरू पनि छन्। संयुक्त नाम शब्दहरूमा दुई ओटा उस्तै वा अलग नाम शब्दहरू जोडिएर आउँछन्। ती अलग नाम शब्दहरूको आ-आफ्नै अर्थ हुन्छन् भने जोडिएर संयुक्त नाम बन्दा त्यसले छुट्टै अर्थ दिन्छ। यसरी बन्ने संयुक्त नामका घटकमध्ये दुबै सार्थक शब्द भएमा अलग्गै लेख्ने तर निरर्थक शब्द भए जोडेर लेख्ने प्रस्ताव गरिन्छ।

उदाहरण:

राना थारू शब्द	**नेपाली अर्थ**
नदियानिबारो	खोलानाला
गहनागुरिया	गरगहना
सास ससुरो	सासु ससुरा

गइया भइसिया	गाईबस्तु
बुढरा बुढिया	बुढाबुढी
लरका बच्चा	केटाकेटी
भइया बहिनिया	भाइ बहिनी

सहायक क्रियाहरू

राना थारू भाषामा दुई ओटा क्रियाहरू सँगै आउन सक्छन्। जसमा अघिल्लो क्रियाले मूल अर्थ दिन्छ भने दोस्रो क्रिया (सहायक क्रिया) ले त्यसको केही वास्तविक अर्थ बोकेको हुन्छ। यसरी आउने सहायक क्रियालाई अलग्गै लेख्न प्रस्ताव गरिन्छ।

उदाहरण:

राना थारू संयुक्त क्रिया	**नेपाली अर्थ**
करन पडत हए करन पडइगो	गर्नु पर्छ
करडर हवँ कर सिकङ्गो	गर्न सक्छु

कर दे हवँ	गरिदिन्छु/गरी दिन्छु
करबए हवँ	गर्न लगाउँछु

अध्याय ७

लेख्य चिन्हहरूको प्रयोग

नेपाली भाषामा प्रयोगमा आउने विराम चिन्हहरू नै राना थारू भाषामा पनि प्रयोग गर्न प्रस्ताव गरिन्छ। उदाहरण:

।	पूर्ण विराम	आज खुसिक दिन हए। (आज खुसीको दिन हो।)
?	प्रश्न वाचक चिन्ह	आज कउन दिन हए? (आज कुन दिन हो?)
!	विस्मयादिबोधक चिन्ह	अरे! (ओहो!)
,	अल्प विराम	मए दार, भात, साग अउर बुट्टि खाव। (मैले दाल, भात, साग र मासु खाएँ।)
;	अर्ध विराम	मए भात खात हवँ; बो रोटि खात हए। (म भात खान्छु; उसले रोटी खान्छ।)
:	निर्देश चिन्ह	जे चिज खाबओ: दार, भात, साग अउर दुध।

		(यी चिजहरू खानुहोस्: दाल, भात, साग र दुध।)

“ ”	प्रत्यक्ष कथन	बो कहि, “तए कउन हए?” (उसले भन्यो, “तिमी को हौ?”)
	अप्रत्यक्ष कथन	बो कउन हए कहिके बो पुछि। (ऊ को हो भनेर उसले सोध्यो।)

अध्याय ८

राना थारू भाषामा लिखित केही पाठ्य-सामग्री

यस अध्यायमा कार्यशालामा सहभागीहरूबाट लेखिएका राना थारू भाषाका सामग्रीहरू समावेश गरिएका छन्। यी सामग्रीहरू प्रस्तावित लेखनशैलीको मान्यता अनुसार तयार पारिएका छन्।

घटना वृत्तान्त

हर मनइ कि जिबन मे तमान घटना घटि होत हए। मोके याद आन डटो एक घटना अइसो हए। एक दाँव हम सङ्गि लोग धनगढीक गोदावरि कहनिया जघामे घुमन गए रहएँ। सबए लउँडा बहुत खुस रहएँ। हुवाँ पर एक नदियाकि गहिरो जघामे हम हँदान गए। एक सङ्गि मोसे पुछि, ‘तए पइरन जानत हए कि नाए?’ मए कहो, ‘हाँ जानत हवँ।’ उतकए मे बो नदियामे कुद पडो। एक घरि पिच्छु बो ता डुबन लगो। अब मए सोँचन लगो, का करवँ! मोके अपन भरे इकल्लो पइरन आत रहए पर बाके बचान मेरी बलबुत से बाहेर रहए। तव एक छोटो सो अनजान लउँडा पानीमे कुदो, अउर बाके बचाए के लाइ। मिर जिउ धक्कस भव। सायद बो सङ्गि मिर आसरा मे कुदि रहए, पर मए कछु ना कर पाव। सायद बाके अइसो ना करन रहए। कुछ हुइजइतो तव का हुत्तो! मए सोंच मे पडिगव रहवँ।

नेपाली अनुवाद

हरेक मानिसको जीवनमा विभिन्न घटनाहरू घटेका हुन्छन्। मलाई याद आइरहेको घटना यस प्रकार छः एक पटक हामी साथीहरू धनगढीको गोदावरी भन्ने ठाँउमा घुम्न गएका थियौँ। सबै केटाहरू खुसी थिए। त्यहाँ नदीको गहिरो ठाँउमा हामीहरू नुहाउन गयौँ। फेरि एक जना साथीले मलाई पौडि खेल्न आउँछ कि आउँदैन भनेर सोध्यो। मैले आउँछ भनी उत्तर दिएँ। यत्तिकैमा ऊ नदीमा हाम फालि हाल्यो। एकछिन पछि ऊ डुब्न थाल्यो। अब म सोच्न थालेँ। मलाई आफ्नो लागि मात्रै पौडि खेल्न आउँथ्यो तर सायद उसलाई बचाउने क्षमता ममा थिएन। एकछिन पछि एक जना अनजान सानो पुच्चे भाइले पानीमा कुदेर उसलाई बचायो। मेरो मुटु धडक्क भयो। सायद त्यो साथीले मेरो भरोसामा नदिमा कुदेको थियो तर मैले केही पनि गर्न सकिनँ। सायद उसले त्यसो गर्न हुन्थेन। केही भएको भए के हुन्थ्यो होला! म सोचमा परेको थिएँ।

– कमल सिं राना

दस पइयाँ कि कहानि

एक हरबहिया खेत मे हर जोतत रहए। दुपहर के बो हरबहिया हर छोड के दहुरउना सँग कुचला खान ताँही गिँगटा काढन नदिया मे गओ। बहे बखत खेत मे एक बघटा आओ। हरबहिया

के पकडन पर हरबहिया हुअँ नाय रहए। तव बघटा हर से पुँछि “एक पँइया रे! एक पँइया! दुई पइँया कहाँ गओ?” तबहि हर कहान लगो “बघटा से दुइ पइयाँ त सात समुन्दर नाँघ के दस पइयाँ लेन गओ हए।” उतका वात सुनके वघटा त सोचन लागो मिरत चार पाव हए। हरबइ या त दश पैइया लेन गव हए। बो त उल्टा मोहि के खाए जाबैगो। तासे अपनो जियान बचायव कहि के बघटा हुँआ से भाजगव अउर हरबहियाक ज्यान हर बचाइ लइ।

नेपाली अनुवाद

एक जना हली खेत जोतिरहेको थियो। अपरान्हमा ऊ दिउँसोको खानासँगको चटनीमा गँगटो खान्छु भनेर गँगटो खोज्न खोलामा गयो। त्यो बेला बाघ आयो। बाघले हलीलाई सोध्यो “ए एक खुट्टे! अर्को खुट्टे कता गयो?” हलीले जवाफ दियो, “दुई खुट्टे त दश खुट्टे ल्याउन गयो।” त्यसपछि बाघले मनमनै के सोच्न थाल्यो भने म त चार खुट्टे ऊ दस खुट्टे ल्याउन गयो। त्यसो भए ऊ मभन्दा ठुलो होला भनेर डरायो र सुइकुच्चा ठोक्यो।

-उग्रसेन राना

अन्तरिया नगरपालिका-११,कैलाली

गिङ्टा आउर आदमी

एक चिलहरिया गिङ्टाके उडाए लै जात रहए, बा के पञ्झा मइसे गिर गओ। डगरए, डगर एक आदमि नेङ्गत रहए। बहे आदमि

गिङ्टा के लइलइ अउर अपने उरमाल मे बाँध लइ।
बा नेगत नेगत गजब थकि गव। तव गरमी को महिना रहए, बरगद के रुखा तरे लेट गओ। हवा ठन्डि चलत रहए तव बाकि निध आइगइ अउर सोइ गव। बा बरगदको रुखा मे एक साँप अउर कउवा रहत रहएँ। कउवा कहि, “साँप! तए जा आदमि के डस दे। तव जा कि मएँ साँप आँखि अउर पकवा खइहओ। आदमि के डस दइ अउर आदमि के जउँरे गव तव एक पुटरी देखि तव सोचि कि खानवारो चिज हुइ हए। पुटरिका खोली रहए। पुटरि मे बँधो गिङ्टा अपन टाँकुर से कउवा कि घेंट पकड लइ। कउवा काएँ काएँ करन लागो। तव गिङ्टा कहि वा आदमि के साँप से बिस उल्टा तनबा अउर अच्छो बना तव छोडङ्गव। तव कउवा साँप के बुलाइ साँप उल्टा बिस चुसि। आदमि अच्छो हुइ गव अउर उठ खडो भव। तव गिङ्टा आदमि मे से कहि बा साँप तोके डसि रहए। इत्ति सुनतए वा साँपके मार डारी। गिङ्टा कउवा के मार डारी। फिर वे दोनओ मित मित हुइ गए।
नेपालीमा

गंगटो र मान्छे

एउटा चिलले गँगटोलाई उडाएर लगि रहेको थियो। गँगटो पञ्जाबाट खस्यो। त्यहाँ बाटैबाटो एक जना हिंडिरहेको थियो। त्यो गँगटो मान्छेको अगाडि खस्यो। त्यो मान्छेले गंगटोलाई समात्यो र आफ्नो रुमालमा बोको पारेर बाँध्यो। त्यो मान्छे हिड्दा हिड्दै धेरै थाक्यो। गर्मीको महिना थियो। ऊ बरको रुख

मुनि पल्ट्यो। चिसो हावा चलिरहेको थियो। उसलाई निद्रा लाग्यो र सुत्यो। त्यो बडको रुखमा एउटा सर्प र काग बस्द्थे। कागले सर्पलाई भन्दो, “तिमी यो मान्छेलाई डसिदेउन। “म यसको आँखा र कलेजो खान्छु।” सर्पले त्यो मान्छेलाई डसिदियो। त्यस मान्छेको जिउमा विष फैलन थाल्यो।
काग मान्छेको नजिकमा गयो। कागले मान्छेको नजिकमा पोको देख्यो। अनि उसले सोच्यो कि यो पोकोमा पक्कै खानेकुरा होला भनेर पोको के खोलेको थियो। त्यसमा बाँधेको गँगटोले कागको घाँटी समात्यो। काग ‘काँकाँ’ कराउन थाल्यो। गँगटोले भन्यो,“तिमीले यो मान्छेको विष झार्नु पर्छ, नत्र म तिमीलाई मारिदिन्छु।” कागले सर्पलाई बोलायो र सर्पले विष झाऱ्यो। त्यसपछि मान्छेलाई निको भयो।
गँगटोले मान्छेलाई भन्यो, “यो सर्पले तिमीलाई डसेको थियो। तिमी यसलाई मार”। यति सुनेपछि मान्छेले दौडेर सर्पलाई माऱ्यो भने गंगटोले कागलाई। त्यसपछि दुबैजनाले एक-आपसमा मित्र लगाए।

-लक्ष्यवीर राना

पहिलो एस.एल.सि. से एम.एड. तक

मिर नावँ जीवन राना हए। मए नेपाल राना थारू समाजक केन्द्रिय अध्यक्ष हवँ अउर मए इस्कुलमे पढात हँव। पहिलए राना थारू समाजमे लउडियन के पढान चलन कम रहए। पर मेरे

अइया-दउवा मोके छोटिअएसे इस्कुल पढन पठाइ। मिर पढनक तोही बहुत लगाव रहए। मोके इस्कुलम फिर सबए मास्टर बहुत अच्छो मानत रहए। मेरे अइया-दउवा मो के पढन के ताही हउसबात रहत रहए। मिर लउडिया पढके बडि मनइ बनइगिइ समाजमे नाव कमाइ गिइ तभि महुँ हउँसक मारे बहुत मेहनत करत रहवँ। मिर मेहनतके कारण मय S.L.C पास भव। पच्छु इस्कुल आउर शिक्षा कार्यलयसे मोसे कहि तय त कैलालि अउर कञ्चनपुरसे S.L.C पास करइया राना थारू मइसे सबसे पहिलि लउडिया हए।

जो S.L.C. पास करि हए। मोके शिक्षा कार्यालय अउर इस्कुलसे प्रसंसा पत्र दइके अउर हउसिआए दइरहए। बो दिन मए कभुना भुलन्गो। मिर परिवार बहुत खुसि भए अउर खुब खुसियालि मनाइ रहए। बहे हउसला अउर परेणाके साथ आज मय काठमाडौं पद्म कन्या क्याम्पससे आइ.ए, सुर्खेत शिक्षा क्याम्पससे वि.एड सुदुरपश्चिमाञ्चल क्याम्पस धनगढी से एम.एड. पास करो हवँ अउर अइसिअए करके राना थारू लउडियन मइसे पहिलो एम.एड. करनिया लउडिया भव। अउर बेहि प्रेरणासे आज मए नेपाल संस्कृती विश्वविद्यालय, बसन्तपुरसे विद्यावारिधि करनडटो हवँ, अउर समाजके अग्गु बढानके ताँहि तमान लेख, रचना लिखके काम करनडटो हँव।

नेपाली करण

पहिलो एस.एल.सि.

मेरो नाम जीवन राना हो। म नेपाल राना थारू समाजको केन्द्रीय अध्यक्ष हुँ र म स्कुलमा पढाउँछु। पहिला राना थारू समाजमा छोरीहरूलाई पढाउने चलन कम थियो तर मेरो आमा बुवाले मलाई सानै देखि स्कूल पढ्न पठाउनु भयो। पढाइप्रति मेरो धेरै लगाव थियो। मलाई स्कुलमा पनि सबै शिक्षकहरू एकदमै मन पराउनु हुन्थ्यो। मेरो आमा बुवाले मलाई पढ्नका लागि हौसला दिनु हुन्थ्यो। वहाँहरू मेरो छोरी पढेर ठुलो मान्छे बन्छे र समाजमा नाम कमाउछे भनी मलाई प्रोत्साहन गर्नु हुन्थ्यो। त्यसैले मैले हौसलाका साथ S.L.C पास गरेँ। पछि स्कुल र शिक्षा कार्यालयले मलाई भन्यो, "तिमी त कैलाली र कञ्चनपुरका राना थारूमा पहिलो S.L.C पास महिला रहेछौ।" मलाई शिक्षा कार्यालय र स्कूलबाट प्रसंसा पत्र दिइ हौसला दिएको थियो।

त्यो दिन म कहिल्यै बिर्सिन सक्दिन। म र मेरो परिवार असाध्यै खुसी भयौँ। खुसियाली मनायौँ। त्यहि हौसला र प्रेरणाको कारण आज म काठमाडौ पदम कन्या क्याम्पसबाट आइ.ए., सुर्खेत शिक्षा क्याम्पसबाट बि.एड, सुदूरपश्चिमाञ्चल क्याम्पस, धनगढीबाट एम.एड. पास गरेँ र राना थारू महिलामा पहिलो एम.एड. गर्ने भएँ र सोही प्रेरणाले आज म नेपाल संस्कृती विश्वविद्यालय, वसन्तपुरबाट विद्यावारिधि गर्दै छुँ र समाजलाई अगाडी बढाउनका लागि विभिन्न लेख-रचना लेख्ने काम गर्दै छु।
-जीवन राना

धनगढी-८, क्याप्मस रोड

कैलाली